माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

# फोहरमैला व्यवस्थापन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाको बैठकबाट पारित मिति : २०७७/१२/२५

# फोहरमैला व्यवस्थापन कार्यविधि, २०७७

प्रस्तावना:

नेपालको संविधान, २०७२ को भाग ३ को धारा ३० ले प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार प्रत्याभुत गरेको छ। वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपूर्ण मापदण्ड सरसफाई भएकोले र स्वस्थ रहनका लागि स्वच्छ वातावरणको आवश्यकता पर्ने भएको हुँदा प्रदुषणमुक्त वातावरण कायम राखी यस माण्डवी गाउँपालिकाको दीगो विकास गर्नका लागि सरसफाई र फोहरमैला व्यवस्थापन महत्वपूर्ण पाटोका रुपमा रहेकोछ। यसका लागि प्राकृतिक स्रोतहरुको दीगो र प्रभावकारी संरक्षण एकातिर नगरी नहुने कार्यका रुपमा रहेको छ भने अर्कातिर मानव सिर्जित फोहरमैलाको प्रभावकारी व्यवस्थापन पनि उत्तिकै जरुरी रहेको छ। हाम्रो जस्तो मुलुकमा प्राकृतिक स्रोत-साधन माथि मानिसहरूको निर्भरता बढी नै रहने गरेको छ। खासगरी शहरीकरणको दिशामा लम्किरहेका क्षेत्रहरुमा मानव सिर्जित फोहरमैलाको व्यवस्थापन प्रमुख चुनौतिका रुपमा रहन पुगेको छ। यस प्रकारका समस्याहरुले एकातर्फ वातावरणीय प्रदुषण बढाइरहेको छ भने अर्कोतर्फ विभिन्न प्रकारका प्रकोपजन्य जोखिमहरुबाट पीडित बन्नु परिरहेको छ।

माण्डवी गाउँपालिका अन्तर्गतका विभिन्न क्षेत्रहरुमा बढ्दो शहरीकरणका कारण शहरी क्षेत्र तथा गाउँ भित्रका ग्रामीण क्षेत्रमा समेत फोहरमैलाको उत्पादनमा तीब्र गतिमा बढोत्तरी भएको छ। गाउँवासीहरुको फोहर व्यवस्थापन तथा सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गर्न, फोहरमैला व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको संलग्नता स्थापित गर्न, समुदायको चासो र संलग्नतामा अभिबृद्धि गर्न, फोहर संकलनदेखि व्यवस्थापनसम्मका सबै कार्यहरु सम्बन्धी पर्याप्त जानकारी दिन, फोहरको बर्गीकरण उपयुक्त र प्रभावकारी तबरले गर्न, स्वास्थ्य संस्थाजन्य फोहर र माण्डवी गाउँ कार्यपालिकाको १० औं बैठकले निर्णय गरे बमोजिम प्लास्टिकजन्य गिलास, चम्चा र प्लेट जस्ता बस्तुहरुको प्रयोगमा समेतप्रतिबन्ध लगाएको सन्दर्भमा, फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, फोहर व्यवस्थापनमा साझेदारी बढाउन तथा यस सम्बन्धी समयसापेक्ष नीति र स्पष्ट विधिको खा‘‘चो भइरहेको सन्दर्भमा, माण्डवी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ र फोहर मैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ (२) ले दिएको अधिकार प्रयोग गरी यो फोहरमैला व्यवस्थापन कार्यविधि, २०७४ तर्जुमा गरी लागू गरेको छ।

परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस कार्यविधिको नाम **"फोहरमैला व्यवस्थापन कार्यविधि, २०७७"**रहेको छ।

(२) यो संशोधित कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

-१_ संविधान :भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्छ।

-२_ ऐन : भन्नाले फोहरमैला ब्यबस्थान ऐन, २०६८ लाई सम्झनु पर्छ।

-३_ नियमावली : भन्नाले फोहरमैला ब्यबस्थान नियमावली, २०७० लाई सम्झनु पर्छ।

-४_ स्थानीय तह :भन्नाले नेपालको संविधानको धारा ५६को उपधारा४ बमोजिमको गाउँपालिकाअर्थात् माण्डवी गाउँपालिकालाई सम्झनुपर्छ।

-५_ गाउँपालिका : भन्नाले माण्डवी गाउँपालिकालाई सम्झनु पर्छ।

-६_ गाउँ क्षेत्र : भन्नाले माण्डवी गाउँपालिका अन्तर्गतका ५ वटै वडाहरुको भूगोललाई सम्झनु पर्छ ।

-७_ कार्यपालिका :भन्नाले माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

-८_ अध्यक्ष :भन्नाले माण्डवी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

-९_ उपाध्यक्ष :भन्नाले माण्डवी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

-१०_ प्रमुख प्रशासकीय अधिकृतः भन्नाले माण्डवी गाउँपालिकाको कार्यालय प्रमुखलाई सम्झनु पर्छ ।

-११_ कार्यपालिका सदस्य : भन्नाले माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

-१२_ विषयगत शाखा : भन्नाले माण्डवी गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३ को उपनियम (२) बमोजिमको सरसफाई, वातावरण तथा विपद् ब्यबस्थापन शाखालाई सम्झनु पर्छ ।

-१३_ समिति : भन्नाले सरसफाई, वातावरण तथा विपद् ब्यबस्थापन समितिलाई सम्झनु पर्छ ।

-१४_ शाखा : भन्नाले सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन शाखालाई सम्झनु पर्छ ।

-१५_ फोहरमैला : भन्नाले घरेलु फोहरमैला, ब्यापार, ब्यबसाय, विद्यालय, सरकारी कार्यालय तथा क्वाटरबाट निष्कने फोहरमैला, बधशाला तथा फ्रेस हाउसको फोहरमैला, कृषिबाट निष्कासन हुने तथा पशुपंक्षीको फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्या"स, लेदो, धुवा", धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टा"सिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

-१६_ रासायनिक फोहरमैला : भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

-१७_ स्वास्थ्य संस्थाजन्य फोहरमैला : भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधि पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

-१८_ हानिकारक फोहरमैला : भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

-१९_ औद्योगिक फोहरमैला : भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदूषणयुक्त फोहरमैला सम्झनु पर्छ ।

-२०_ औद्योगिक प्रतिष्ठान : भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्छ ।

-२१_ जैविक : भन्नाले छिट्टै कुहिने वा सड्ने गल्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले जैविक चिजवस्तु प्रयोग गरी बनाइएका कागज, काठ समेतलाई जनाउनेछ ।

-२२_ अजैविक : भन्नाले छिट्टै सडीगली नजाने वा छिट्टै नकुहिने पदार्थ सम्झनु पर्छ ।

-२३_ उत्पादन स्रोत : भन्नाले फोहरमैला निस्कने, उब्जने वा फोहरमैला निस्कन शुरु हुने ठाँउसम्झनु पर्छ ।

-२४_कण्टेनर : भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भा‘‘डो, बाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भा‘‘डो समेतलाई जनाउनेछ ।

-२५_न्यूनीकरण : भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

-२६_ निष्काशन : भन्नाले फोहरमैला उत्पादन स्थलबाट माण्डवी गाउँपालिकाको तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

-२७_फोहरमैला सङ्कलन : भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर-घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टा‘‘सिएका पोष्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य सम्झनु पर्छ ।

-२८_सङ्कलन केन्द्र : भन्नाले घर-घरबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न माण्डवी गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घर-घरमा फोहरमैला सङ्कलन गर्न आउने माण्डवी गाउँपालिका तोकेको फोहरमैला सङ्कलक वा फोहरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउनेछ ।

-२९_स्थानान्तरण केन्द्र : भन्नाले सङ्कलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा लैजानु अघि फोहरमैला सङ्कलनको लागि माण्डवी गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

-३०_ढुवानी : भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा माण्डवी गाउँपालिकाले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

-३१_ ढुवानी साधन : भन्नाले फोहरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

-३२_ विसर्जन : भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

-३३_ फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) : भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि माण्डवी गाउँपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

-३४_प्रदूषण : भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्या‘‘स वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

-३५_ प्रभावित क्षेत्र : भन्नाले फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ ।

-३६_ प्रशोधन : भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्या‘‘स, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

-३७_ प्रशोधन स्थल : भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्या‘‘स, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

-३८_पुनः चक्रीय प्रयोग : भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

-३९_ बन्द पश्चात् व्यवस्थापन (पोस्ट क्लोजर म्यानेजमेण्ट) : भन्नाले फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला विसर्जन गर्न बन्द गरे पश्चात् सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्भन्नु पर्छ ।

-४०_सामुदायिक संस्था : भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था, टोल विकास संस्था वा गैरसरकारी संस्था सम्भन्नु पर्छ ।

-४१_ नीजि क्षेत्र : भन्नाले नाफा नकमाउने वा कमाउने गरी स्थापना भएको कम्पनी, सामाजिक संघ-संस्था,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था समेत भनी बुभ्नु पर्दछ ।

-४२_ सार्वजनिक नीजि क्षेत्र साझेदारी : भन्नाले सार्वजनिक क्षेत्र (माण्डवी गाउँपालिका) र नीजि क्षेत्रका वीचमा कुनै काम गर्ने सम्बन्धमा कानून वमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्भन्नु पर्दछ ।

-४३_ टोल विकास संस्था : भन्नाले सामाजिक परिचालनको माध्यमबाट निश्चित प्रकृया पूरा गरी स्थानीय स्तरका सबैं घर-धुरी सदस्य रहने गरी टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४ बमोजिम गठन भई माण्डवी गाउँपालिका अन्तर्गत सम्बन्धित वडा कार्यालयमानियमानुसार दर्ता भएका सामुदायिक संस्थालाई संभन्नु पर्दछ ।

**परिच्छेद – २**

## फोहरमैला व्यवस्थापनसमितिहरुको गठन, काम कर्तव्य र अधिकार

३. निर्देशक समितिको गठन:

(१) फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीतिहरुको तर्जुमा, आवश्यक समन्वयका एवं मातहतका समितिहरुलाई दिशा निर्देशको लागि एक फोहरमैला व्यवस्थापन निर्देशक समिति गठन गरिएको छ ।

(२) उप नियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन् :-

(क) गाउँपालिका अध्यक्ष, माण्डवी गाउँपालिका - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष, माण्डवी गाउँपालिका- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, माण्डवी गाउँपालिका - सदस्य

(घ) संयोजक, सरसफाई, वातावरण तथा विपद् व्यबस्थापन समिति - सदस्य

(ङ) वडा अध्यक्ष, फोहरमैला व्यबस्थापन गरिने वडा - सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्यमहासंघ, प्यूठान - सदस्य

(छ) महाशाखा प्रमुख,शहरी पूर्वाधार विकास महाशाखा - सदस्य

(ज) स्थानीयबासी, फोहरमैला व्यवस्थापन क्षेत्र - सदस्य

(झ) प्रतिनिधि, नेपाल पत्रकार महासंघ, प्यूठान - सदस्य

(ञ) शाखा प्रमुख, सरसफाई, वातावरण तथा विपद् व्यबस्थापन शाखा - सदस्य-सचिव

४. निर्देशक समितिका काम, कर्तव्य र अधिकारहरु:

निर्देशक समितिका काम, कर्तव्य र अधिकारहरुदेहाय बमोजिम हुनेछन् :-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी गाउँ स्तरीय नीति तर्जुमा गरीस्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ख) फोहरमैला व्यवस्थापन कार्यस“ग सम्बद्ध निकायहरु बीच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने,

(ग) फोहरमैला एकीकृत रुपमा व्यवस्थापन गर्न गाउँपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नु पर्ने रकमको प्रतिशत निर्धारण गर्ने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

५. <u>निर्देशक समितिको बैठक र निर्णय:</u>

(१) निर्देशक समितिको बैठक वर्षमा कम्तीमा १ पटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) निर्देशक समितिको बैठकमा अध्यक्षता निर्देशक समितिको अध्यक्षले गर्नेछ रनिजको अनुपस्थितिमा समितिकोवरिष्ठ वा जेष्ठ सदस्यलेबैठकको अध्यक्षता गर्नेछ ।

(३) निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशतभन्दा बढीसदस्यहरु उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक संख्या पुगकोमानिनेछ ।

(४) निर्देशक समितिको बैठकको निर्णय सामान्यतया सहमतिको आधारमाहुनेछ तर सहमति हुन नसकेमा बहुमतकाआधारमा हुनेछ र मत बराबर भएमाबैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) निर्देशक समितिले आवश्यक देखेमा फोहरमैला व्यवस्थापन सम्बन्धीकुनै विज्ञ वा विशेषज्ञलाई निर्देशक समितिकोबैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) निर्देशक समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैंलेनिर्धारण गरे बमोजिम हुनेछ

६. <u>सरसफाई, वातावरण तथा विपद् ब्यबस्थापन समितिको व्यवस्था:</u>

(१) नगरको दैनिक फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले सञ्चालन गर्न, रेखदेख तथा प्रबन्ध गर्न, निर्देशक समितिका निर्देशनहरुलाई कार्यान्वयन गर्नर विभिन्न निर्णयहरु गर्न तथानिर्णयहरु नगर कार्यपालिकाबाट अनुमोदन गराउनका लागि नगरपालिकामा देहाय अनुसारकोसमितिको व्यवस्था गरिएको छ ।

(क) माण्डवी गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ को उप नियम (२) बमोजिमको सरसफाई, वातावरण तथा विपद् ब्यबस्थापन समितिमा रहने संयोजक नगर प्रमुखले तोके बमोजिम र सदस्यहरु गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम रहने छन् ।अर्थात्,सरसफाई, वातावरण तथा विपद् ब्यबस्थापन समितिले नै यस कार्यविधिमा उल्लेखित कार्यहरु सम्पादन एवं कार्यान्वयन गर्नेछ ।

(१) संयोजक : अध्यक्षले तोके बमोजिम १ जना

(२) सदस्यहरुः माण्डवी गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम:४ जना

(३) सदस्य-सचिव :शाखा प्रमुख :१ जना

(२) समितिको बैठक सामान्यतया १महिनामा एकपटक बस्नेछ । बैठक संयोजकको आदेशले सदस्य-सचिवले बोलाउने छ । आवश्यकता महसुस भएमासमितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

(३) समितिको बैठकमा विशिष्ट उपस्थितिको रुपमा गाउँपालिका अध्यक्ष ,गाउँपालिका उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई बोलाउन सक्नेछ भने आमन्त्रितको रुपमा महाशाखा प्रमुख, कार्यपालिका सदस्य र सरसफाई, वातावरण तथा विपद् ब्यबस्थापन सम्बन्धी विज्ञ एवंअन्य सरोकारवालालाई आवश्यकतानुसार बोलाउन सक्नेछ ।

(४) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ ।तर, यस कार्यविधि बमोजिम कसुर ठहरिने कार्य गर्नेलाई कानून बमोजिम फिल्ड वा कार्यालयमा तत्काल कारबाही गर्नुपर्ने परिस्थितिको सृजना भएमानगर अध्यक्ष, उपाध्यक्ष, प्रमुख

प्रशासकीय अधिकृत, यस समितिकोजुनसुकै सदस्य र वडा अध्यक्षले यस कार्यविधिमा व्यबस्था भए बमोजिमको कारबाही गर्न सक्नेछ । साथै, फोहरमैला सम्बन्धी कसुर गरेको पाइएमा नगर स्तरीय सरसफाई अनुगमन उप समितिहरुको संयोजकले तत्काल नियमानुसार कारबाही गरी यस समितिलाई लिखित रुपमा जानकारी गराउनुपर्ने छ । तर, उपर्युक्त कारबाहीको निर्णयलाई अर्को नियमित बैठकबाट अनुमोदन गराउनुपर्ने छ ।

(५) बैठकको निर्णय समिति (वातावरण तथा विपद् व्यबस्थापन समिति) को सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

७. समितिको काम, कर्तव्य र अधिकारः

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्या‘‘कन र समीक्षा गर्ने ।

(ख) फोहरमैला व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यका लागि अभियान, चेतनामूलक कार्यक्रम तर्जुमा आदि कार्यहरु गर्ने ।

(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(घ) माण्डवी गाउँपालिका पूर्ण सरसफाई उन्मुख क्षेत्र बनाउन वडास्तर र गाउँस्तरबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ङ) फोहरलाई स्रोतमै बर्गीकरण गर्ने व्यवस्था मिलाउन आबश्यक पहल गर्ने ।

(च) बर्गीकृत फोहर मध्ये अर्ग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर (घच. च्भमगकभ, च्भगकभ ७ च्भअथअभि०को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

(छ) फोहर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।

(ज) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हु‘‘दा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने ।

(झ) फोहर व्यवस्थापनमा गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

(ञ) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम सञ्चालन गर्न स्रोतहरुको व्यवस्थापन गर्ने ।

(ट) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत, साधन र जनशक्तिको व्यवस्था गर्ने ।

(ठ) फोहरमैला व्यवस्थापन तथा सरसफाईमा लगाइएको शुल्कको समीक्षा गर्दैसमयोचित पुनरावलोकन गर्ने ।

(ड) ल्याण्डफिल साइटलाई प्रदुषणशुन्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ढ) जैविक फोहरबाट उर्जा, बायोग्या‘‘स, कम्पोष्ट मल बनाउने तथा प्लास्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(ण) फोहरमैला व्यवस्थापन तथा सरसफाईमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आबश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(त) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन वडा स्तर र टोल स्तरको खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरी पूर्ण सरसफाईको क्रियाकलापहरु बढाउने।

(थ) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(द) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिरकणका लागि उपायहरुको खोजी गरी आवश्यक स्रोत व्यवस्थापन गर्ने ।

(ध) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूस‘‘ग समन्वय कायम गर्ने ।

(न) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने जनशक्तिको व्यबस्थापन गर्न वडातहस‘‘ग समन्वय गर्ने ।

(प) ऐन, नियम र कार्यविधिको दृष्टिकोणले कसुर गरेको ठहरेमा सजाय तथा जरिवाना गर्ने ।

(फ) सरसफाई तथा फोहरमैला ब्यबस्थापन सम्बन्धी नियमन गर्ने ।

(ब) सरसफाई, वातावरणीय स्वच्छता र विपद् तथा उद्धार जस्ता कार्यहरुमा उल्लेखनीय कार्य गर्ने व्यक्ति, संघसंस्था र टोल विकास संस्थाहरुलाई सम्मान, प्रोत्साहन र पुरस्कृत गर्ने ।

(भ) फोहरमैला व्यवस्थापनको लागि सेवा शुल्क निर्धारण गर्ने मापदण्ड स्वीकृत गर्ने,

(म) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त वातावरणस‘‘ग सम्बन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

८. नगर स्तरीय सरसफाई अनुगमन उप-समिति सम्बन्धी ब्यबस्थाः

(१) नगरमा तल्लो तहसम्मको सरसफाई तथा फोहरमैला ब्यबस्थापन कार्यलाई सहज ढंगले सम्पादन गर्न,नगरका विभिन्न निकाय तथा क्षेत्रहरुमा सरसफाई तथा फोहरमैला व्यवस्थापनको अवस्थाको अनुगमन गरी तीनिकायलाई प्रभावकारी रुपले पूर्ण सरसफाईउन्मुख क्षेत्र बनाउन नगर स्तरीय सरसफाई अनुगमन उप-समितिहरु देहाय बमोजिम गठन गरिएको छ ।

(क) विद्यालय सरसफाई अनुगमन उप-समिति,

(ख) होटल व्यवसाय सरसफाई अनुगमन उप-समिति,

(ग) फुटपाथ पसल, ग्यारेज सरसफाई अनुगमन उप-समिति,

(घ) सरकारी कार्यालय सरसफाई अनुगमन उप-समिति,

(ङ) धार्मिक स्थल ता मठमन्दिर सरसफाई अनुगमन उप-समिति,

(च) सार्वजनिक स्थल सरसफाई अनुगमन उप-समिति,

(छ) खोलानाला, सडक सरसफाई अनुगमन उप-समिति,

(ज) अस्पताल, पोलिक्लिनिक सरसफाई अनुगमन उप-समिति,

(झ) पोल्ट्रीफर्म, वधशाला सरसफाई अनुगमन उप-समिति,

९. उप-समितिका काम, कर्तव्य र अधिकारहरुः

(क) आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका ब्यबसाय, क्षेत्र तथा निकायहरुमा सरसफाईको अबस्थाको आकस्मिक अनुगमन महिना २ पटक अनिवार्य रुपमा गर्ने ।

(ख) पूर्ण सरसफाई (५+२) का सूचकहरुको अनुगमन गर्नुका साथै सो सम्बन्धी सचेतना दिने ।

(ग) उप-समितिले सरसफाई अनुगमन गरेको ब्यबसाय वा निकायमा नगरको नीति विपरित फोहरमैला गरेको देखिएमा तत्कालै कारबाहीका लागि शिफारिस गर्ने ।

(घ) उप-समितिहरुको बैठक महिनामा २ पटक अनिवार्य रुपमा बस्नुपर्ने छ ।

१०. अधिकार प्रत्यायोजनः

(१) नीतिगत विषयमा निर्णय गर्नु पर्ने बाहेक निर्देशक समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) संयोजकले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार सदस्य वा शाखा प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

परिच्छेद – ३

## विशेष सरसफाई क्षेत्र र कर्तव्य

११. विशेष सरसफाई क्षेत्र तोक्न सक्ने:

(क) नगरको सौन्दर्यलाई वचाई नगरको इज्जत, प्रतिष्ठा वृद्धिका लागि नगरको मुख्य भाग, सार्वजनिक, ऐतिहासिक, धार्मिक स्थल तथा मठ-मन्दिर एवं विद्यालय आदिको प्राकृतिक सौन्दर्य क्षेत्रलाई चार किल्ला तोकी माण्डवी गाउँपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ ।

(ख) "एक घर दुई वटा बहुवर्षीय विरुवा, एक टोल एक जातका फलफुलका रुख वा औषधि जन्य वनस्पति" अभियान माण्डवी गाउँपालिकाले लागु गर्न सक्नेछ ।

(ग) विशेष सरसफाई क्षेत्र घोषणा भएको महत्व एवं संवेदनशीलतालाई ध्यानमा राखी, माण्डवी गाउँपालिकाले त्यस्तो स्थानमा कुनै पनि किसिमको फोहरमैला फाल्न, थुपार्न वा अनुसुची-१ बमोजिमको कुनै कार्य गर्न गराउन निषेध गर्न सक्नेछ ।

(घ) कुनै टोल विकास संस्था, वडा समिति वा सामाजिक संघ-संस्थाबाट विशेष सरसफाइ क्षेत्र तोक्न अनुरोध भई आएमा माण्डवी गाउँपालिका विशेष सरसफाइ क्षेत्र तोक्न सक्नेछ ।

(ङ) माण्डवी गाउँपालिकाले आफ्नो कार्य क्षेत्रभित्र प्लाष्टिक झोलालाई प्रतिबन्ध गर्न सक्नेछ ।

१२. यस कार्यविधिको पालना गर्नु सवैको कर्तव्य हुने:

(१) यस नगरमा स्थायी वा अस्थायी रुपले वसोवास गर्ने, अध्ययन, औषधि उपचार, पर्यटन, धार्मिक गतिविधि, सभा-समारोह, मनोरञ्जन तथा व्यवसायिक रुपले आवात-जावत गर्ने आदि सवैले फोहरमैला व्यवस्थापन सम्बन्धी देहाय बमोजिमका कार्य अनिवार्य गर्नु पर्नेछ ।

-2_ जथाभावी फोहोरमैला फाल्न वा विर्सजन गर्न नपाइनेः उद्योग, व्यपार-व्यवसाय, आवाशीयभवन वा नयां भवन निर्माण गर्दा, अर्थात फोहर उत्पादन हुने भनी परिभाषित स्रोतहरुबाट निस्कने फोहोरलाई सार्वजनिक स्थल, सडक किनारा पेटी, सडक, नाला, खाली स्थान, खोलानाला, आफ्नो घर परिसर, कुनाकाप्चा आदि स्थलमा फाल्न, राख्न वा थुपार्न पाइने छैन। आ-आफ्ना घर-पसलमा कुहिने फोहोरलाई एउटा हरियो डष्टवीन (टोकरी) मा, नकुहिने प्रकृतिका प्लाष्टिक जन्य फोहोर (पुन प्रयोग हुने) निलो डष्टवीनमा, शिशाजन्य फोहोरलाई पहेंलो डस्टवीनमा तथा अस्पतालबाट दबाई (औंषधि) मिश्रित फोहोरलाई रातो डष्टवीनमा राखी माण्डवी गाउँपालिकाको सरसफाई कर्मचारी वा साधन आएपछि जिम्मा लगाउनु पर्नेछ ।

-3_ सरसफाई कर्मीहरुले टोल, सडक सफाई गरी गैसकेपछि कुनै पनि किसिमको फोहोर, घर-पसल बाहिर सार्वजनिक स्थानमा राख्न फ्यांक्न र थुपार्न पाइने छैन ।

-4_ कसैले पनि कुनै पनि वखत कुनै पनि प्रकारका फोहोर सडक वा सार्वजनिक स्थलमा राख्न, फ्याक्न र थुपार्न पाइने छैन ।

-5_ तोकिएको स्थान वाहेक सडक वा अन्य सार्वजनिक स्थानमा वा सटर बाहिर पसल राखी कुनै पनि किसिमको व्यवशाय गर्न पाइने छैन ।

-6_ सडक वा अन्य सार्वजनिक स्थानमा सडेगलेका फलफूल, तरकारी, हाडखोर वा अन्य कुनै पनि चिज वस्तु फाल्न थुपार्न पाइने छैन ।

-7_ सेफ्टी टयांकी वा शौचालयबाट निस्कने फोहोर जथाभावी वाहिर वा ढलमा निस्कासन गर्न पाईने छैन ।

-8_ हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला प्रशोधन गरी सामान्य फोहरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशनको व्यवस्था गर्नु पर्नेछ ।

-9_ अस्पताल, नर्सिङहोम, नीजि क्लिनिक वा डिस्पेन्सरीबाट निस्कने संक्रामक र खतराजन्य फोहोर रातो डष्टविनमा राख्नुपर्ने छ । यस्ता फोहोर सार्वजनिक ठाउ“मा फाल्न वा निस्कासन गर्न पाइने छैन । त्यस्ता फोहोरलाई सुरक्षित तवरले ब्यबस्थापन गर्नु पर्नेछ । स्वास्थ्य केन्द्रका संक्रामक फोहोरहरु अन्य फोहोरहरुस“ग कदापी मिसावट गर्न पाइने छैन ।

-10_ औद्योगिक प्रतिष्ठान, उद्योगबाट निस्केका फोहोरमैला जथाभावी फाल्न, राख्न वा निस्कासन गर्न पाइने छैन । उद्योग खोल्दाको बखतको शर्त एवं वातावरण संरक्षण सम्बन्धी ऐन, नियम, कार्यविधिमा व्यवस्था भए बमोजिम त्यस्ता फोहोरमैलालाई उचित ब्यबस्थापन गर्नुपर्ने छ ।

-11_ उद्योग, पसल, घर, सार्वजनिक प्रतिष्ठान, सरकारी, गैरसरकारी संस्था तथा निकाय, विद्यालयहरुले अनिवार्य रुपमा डष्टवीन वा कम्पोष्टबिन राख्नुपर्ने छ ।

-12_ माण्डवी गाउँपालिकाले संकलन भएको फोहोरलाई व्यवस्थित रुपले तह लगाई गाउँको सौन्दर्य, वातावरणीय स्वच्छता र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले सामान्य र उपर्युक्त ठहरिएको एक वा एक भन्दा बढी स्थानमा कम्पोष्ट चेम्बर, फोहोरमैला स्थानान्तरण केन्द्र र अन्तिम निस्काशन स्थल (Land Fill Site) को व्यवस्था गर्नु पर्नेछ ।

-13_ माण्डवी गाउँपालिकाले फोहोरमैलालाई स्रोतमा नै कुहिने र नकुहिने गरी छुटयाउने आदेश दिई वा“की प्लाष्टिक, शिशाजन्य र स्वास्थ्य संस्थाजन्य फोहोरलाई सोही अनुरुप संकलन गरी त्यसलाई व्यवस्थित गर्नेछ तथा कुहिने फोहोरलाई स्रोतमा नै कम गर्न “एक कम्पोष्टविनको” नीति लागु गर्न सक्नेछ ।

-14_ माण्डवी गाउँपालिकाले संकलन गरेको फोहोरमैला तोकिएको स्थानान्तरण केन्द्रमा जम्मा गरी छुटयाई त्यसको अन्तिम निश्कासनको समुचित व्यवस्था गर्ने छ ।

-15_ माण्डवी गाउँपालिकाले नीजि र सार्वजनिक फोहोरमैलाको कारणबाट मानव वा पशुपंक्षी, बोटविरुवा वा अन्य तवरले प्राकृतिक सन्तुलनमा प्रतिकुल प्रभाव पर्ने गरी वा पारेमा वा पर्ने भएमा प्रदुषणको निबारणका लागि आवश्यक व्यवस्था गर्ने छ ।

-16_ माण्डवी गाउँपालिकाले सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी नीजि वा सार्वजनिक क्षेत्रमा हानिकारक फोहोरमैला राख्न, फाल्न, गाड्न, पोल्न वा कुनै किसिमको संचय, निस्काशन वा नष्ट गर्न निषेध गर्न सक्नेछ ।

-17_ माण्डवी गाउँपालिकाले क्षेत्रमा फोहोरमैला व्यवस्थापन वा नियन्त्रण गर्ने कार्यको दैनिक रुपमा निरीक्षण गर्न वा आवश्यकता अनुरुप जिम्मेवारी दिन सक्नेछ । यस कार्यमा सहयोग गर्नु सबैको कर्तव्य हुने छ ।

-18_ माण्डवी गाउँपालिकाले उपलब्ध गराएका सडक प्रयोग र फोहोरमैला व्यवस्थापन तथा ढल निर्माण आदिका लागिसेवा उपयोग गरे वापत लिने सेवा शुल्क तिर्नु सबैको कर्तव्य हुनेछ ।

-19_ माण्डवी गाउँपालिकाले पुनः प्रयोग गर्न सक्ने मालसामान संकलन गर्न, संकलन कर्तालाई प्रोत्साहित गर्न सक्नेछ ।

-20_ वातावरण तथा सरसफाइलाई प्रतिकुल पर्ने गरी अनुसूचि-१ बमोजिमका उद्योग, व्यापार, व्यवशाय गर्न रोक लगाउन सकिनेछ ।

-21_ सार्वजनिक स्थल, सडक, नाला र भवनलाई असर गर्ने गरी निर्माण सामाग्री, यातायातका साधन आदि राख्न पाइने छैन ।

-22_ लेण्ड फिल साइट माण्डवी गाउँपालिकाको अधिनमा व्यवस्थापन गर्न सक्नेछ ।

-23_ सडक, बजार क्षेत्र, सभासम्मेलन हुने स्थानमा पशुपंक्षी, चौपाया राख्ने, चराउने, वाध्ने कार्य गर्न पाइने छैन ।

-24_ माण्डवी गाउँपालिकाले समुदायमा आधारित फोहोरमैला व्यवस्थापन कार्यलाई प्राथामिकता दिनेछ ।

-25_ नदीजन्य पदार्थ तथा प्राकृतिक सम्पदाको उत्खनन् तथा वेचविखनको लागि माण्डवी गाउँपालिकाले मापदण्ड बनाई तोक्नेछ ।

-26_ पशु वध गर्ने तथा विक्री गर्ने, सु‘‘गुरपालन, वंगुरपालन, कुखुरापालन गर्ने स्थान माण्डवी गाउँपालिकाले तोक्न सक्नेछ ।

-27_ धुम्रपान, सुर्ती, पुकार, गुड्का, पान, घरेलु मदिराजन्य वस्तुलाई माण्डवी गाउँपालिकाले स्थान तोकी प्रतिवन्ध लगाउन सक्नेछ ।

-28_ खाद्य तथा अखाद्य वा औषधिजन्य म्याद गुज्रेका कुनै पनि वस्तु वेचविखन गर्न पाइने छैन ।

-29_ धुवा, धुलो, ध्वनि प्रदुषण गर्ने कुनै संस्था, कलकारखाना, उद्योगलाई तोकिएको स्थान बाहेक अन्य स्थानमा स्थापना गर्न अनुमति दिइने छैन ।

-30_ फोहोरमैला उठाउने कार्य तालिका अनुसार कुहिने/नकुहिने फोहोरलाई पालो तोकी तोकिएको बारमा (दिनमा) मात्र उठाउने छ । सड्ने र नसड्ने फोहोर अलग-अलग बारमा (दिनमा) उठाउने छ ।

-31_ फोहोर उत्पादन गर्ने संस्था/व्यक्ति/फर्म/निकायले दैनिक उत्पादित फोहोर दैनिक/साप्ताहिक/पाक्षिक/मासिक रुपमा कहिले उठाउने हो त्यसको जानकारी माण्डवी गाउँपालिकालाई अनिवार्य दिनु पर्नेछ। उल्लेखित विवरण सहितको स्टीकर सम्बन्धित संस्था/व्यक्ति/फर्म/निकायको घर वा भवनको देखिने भित्तामा राखिनेछ ।

-32_ तोकिएको कार्यतालिका अनुरुप समयमा फोहर नल्याएमा सो फोहोर सार्वजनिक स्थानमा राख्न पाइने छैन। उक्त फोहोर सम्बन्धित व्यक्तिले सुरक्षित राखी अर्को दिनको पालोमा व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद – ४

## व्यवसायीहरुले ध्यान दिनुपर्ने कुराहरु

१३. फोहर उत्पादन गर्ने प्रकृतिका व्यवसाय सञ्चालन गर्दा ध्यान दिनुपर्ने:

(क) माण्डवी गाउँपालिका क्षेत्रभित्र इजाजत लिएर व्यवसाय सञ्चालन गर्दा सार्वजनिक जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका व्यवसाय जस्तै होटल, रेष्टुरा, मिठाई पसल, माछामासु विक्री पसल, अस्पताल, स्वास्थ्य क्लिनिक, मोटर ग्यारेज, थोक विक्रेता आदि सञ्चालन गर्ने व्यक्तिले देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ ।

-1_ व्यवसायको परिसर स्वच्छ र सफा राख्नु पर्नेछ ।

-2_ विक्री गर्ने बस्तु वा खानेकुरालाई राम्रोस‘‘ग छोपेर वा जालि भएको दराजमा बन्द गरी राख्नु पर्नेछ। अन्यथा, विक्री वितरणमा माण्डवी गाउँपालिकाले बन्देज लगाउन सक्ने छ।

-3_ काम गर्ने व्यक्तिको व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनु पर्ने छ।जस्तैः लुगा सफा हुनु पर्ने छ र हात खुट्टाको नङ काटेको हुनु पर्नेछ।

-4_ खाने बस्तु तयार गर्ने, पकाउने र भाडा माझ्ने ठाँउविक्री गर्ने वा खाने ठाउ भन्दा कम्तिमा ५ मिटरको दुरीमा हुनु पर्नेछ।

-5_ पसलको भुई, पकाउने ठाँउ सजिलो सँग सफा गर्न हुने र गर्न सकिने हुनु पर्दछ साथै पसलमा पर्याप्त मात्रामा पानीको नियमित आपुर्ति भएको हुनु पर्नेछ।

-6_ पकाउने, खाना ल्याउने (वेटर), प्याक गर्ने, तौलने व्यक्तिलाई एप्रोन लगाउन माण्डवी गाउँपालिकाले क्रमशः अनिवार्य गर्न सक्नेछ।

-7_ खाने, पकाउने र पसलमा प्रयोग हुने औजार तथा भाडाकुडा सफा गरी सकेपछि त्यसलाई पोटास पानीमा पखालेर सफा कपडाले पुछेर मात्र पूनः प्रयोगमा ल्याउनु पर्नेछ।

-8_ खाने ठाउको टेवल सफा गर्दा एन्टिसेप्टीक औषधिको प्रयोग गर्नु पर्नेछ।

-9_ काम गर्ने व्यक्तिहरुको हरेक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराउनु पर्नेछ। घातक सरुवा रोग लागेको व्यक्तिलाई काममा लगाउन पाइने छैन।

-10_ वासी, सडेगलेका तथा झिंगा भन्केको खानेकुरा, स्वास्थ्यका लागि हानीकारक भनी प्रमाणित रंग, रसायन वा अन्य कुनै अखाद्य बस्तु प्रयोग गरिएको खानेकुरा, वासी सडेगलेका, झिंगा भन्केका माछा मासु, रोगलागी मरेका पशुपन्छीको मासु वा वासी मासु बेच्न पाइने छैन।

-11_ पानी सफा, शुद्ध र सुरक्षित हुनु पर्ने छ।

-12_ पसल अगाडीको नालामा नियमित रुपमा सफा गर्नुका साथै फिनेल वा किटनासक औषधि छर्किनु पर्नेछ।

-13_ पसल र कोठाहरु पर्याप्त मात्रामा हावा र प्रकाश छिर्ने गरी बनाइएको हुनु पर्ने छ।

-14_ पसलको भुई सिमेण्ट प्लाष्टर हुनुका साथै पसलमा पर्याप्त मात्रामा पानीको नियमित आपुर्ति भएको हुनु पर्ने छ।

-15_ पसलमा ब्यवस्थित शौचालयको प्रवन्ध भएको हुनु पर्नेछ।

-16_ पसलमा विक्री गरिने बस्तुहरुको मुल्य सूची, माण्डवी गाउँपालिकाबाट प्राप्त इजाजत पत्र सबैले देख्ने ठाउ‘‘मा अनिवार्य रुपले राख्नु पर्नेछ।

-17_ पसलबाट निस्किएको फोहोरलाई ब्यवस्थित गर्न डष्टवीन (टोकरी), कन्टेनरको ब्यवस्था गर्नु पर्नेछ। जथाभावी फोहोर फाल्न पाइने छैन।

-18_ कुहिने जातीको फोहोरलाई कम्पोष्ट वीनमा राखी कम्पोष्टीङ गर्ने ब्यवस्था ब्यवसायी आफैले मिलाउनु पर्नेछ।

-19_ होटल पसल अगाडि वा सडक किनारामा चुलो बाल्न, सेकुवा आदि पोल्न र सडक तिरको भागमा पाली गास्न पाईने छैन।

-20_ उपभोक्ता संरक्षण ऐन नियमको उलंघन नहुने गरी उद्योग ब्यापार ब्यवसाय गर्नु पर्ने छ।

(ख) एकै प्रकृतिका ब्यवसायलाई एउटै क्षेत्रमा सञ्चालन गर्दा फोहोर मैला ब्यवस्थापन कार्यमा सरलता आउने हु‘‘दा फोहर बढीमात्रामा उत्पादन हुने ब्यवसायहरु जस्तैः तरकारी पसल, माछा मासु पसल, कपाल काट्ने शैलुन, जस्ता ब्यवसायहरु माण्डवी गाउँपालिकाले निश्चित क्षेत्रमा मात्र ब्यवसाय गर्न

पाउने गरी क्षेत्र निर्धारण गर्न सक्ने वा माण्डवी गाउँपालिकाले निश्चित क्षेत्रमा कुनै व्यवसाय सञ्चालन गर्न निषेध गर्न सक्नेछ ।

(ग) पशु बध गर्दा माण्डवी गाउँपालिकाले तोकेको स्थानमा बध गरी सकेपछि त्यसबाट निस्किएको फोहर मैला माण्डवी गाउँपालिकाले तोकेको स्थानमा लगी जम्मा वा अन्तिम नष्ट गर्नु पर्नेछ । यो सुविधा उपलब्ध गराए वापत माण्डवी गाउँपालिकालेसरसफाई सेवा शुल्क लगाउन सक्ने छ ।

(घ) नगरको मुख्य क्षेत्र वा मन्दिर वा सामुदायीक विद्यालय वा क्याम्पस वा अस्पताल वा सरकारी भवन वा सार्वजनिक शौचालय आदि को १०० मिटर वरपर माछा मासु काटमार वा विक्री वितरण गर्न पाईने छैन ।

## परिच्छेद – ५

## फोहरमैला उत्पादन, पृथकीकरण, निष्काशन, व्यवस्थापन र न्यूनिकरण

१४. फोहरमैला कम उत्पादन गर्नेः

(१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै कार्य, कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुनसक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बा“की फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

*स्पष्टीकरणः "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।*

१५. फोहरमैलाको पृथकीकरणः

(१) माण्डवी गाउँपालिकाले फोहरमैलालाई घरेलु फोहरमैला अन्तर्गत जैविक (कुहिने) र अजैविक (नकुहिने), औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला, सिसाजन्य फोहरमैला, आदिमा वर्गीकरण गरी स्रोतमै छुट्याउनुपर्ने गरी तोकिएको छ ।

(२) उपनियम (१) बमोजिम माण्डवी गाउँपालिकाले तोकिदिए अनुसार फोहरमैलालाई स्रोत मै छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकामा भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

१६. फोहरमैलाको निष्काशनः

(१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका गाउँपालिकावा सम्वन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्ने छ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनः प्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।

१७. फोहरमैला व्यवस्थापन गर्ने दायित्वः

(१) यस कार्यविधि बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व माण्डवी गाउँपालिकाको हुने छ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुने छ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन माण्डवी गाउँपालिकालाई अनुरोध गरेमा वा माण्डवी गाउँपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा माण्डवी गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

१८. फोहरमैला उत्पादन, सङ्कलन, न्यूनीकरण तथा निष्काशन सम्बन्धी व्यवस्था:

(१) फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी माण्डवी गाउँपालिकाको हुनेः फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्याँस प्लाण्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी घोराही उप महानगरपालिकाको हुने छ ।

(२) फोहरमैलाको निष्काशन : (क)फोहरमैला निष्काशनको समय, स्थान र तरिका माण्डवी गाउँपालिकाले निर्धारण गरे बमोजिम हुने छ ।
(ख) हानिकारक फोहरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग : माण्डवी गाउँपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद – ६

## स्वास्थ्य संस्थाजन्य, रासायनिक र प्लाष्टिकजन्य फोहरमैलाको व्यवस्थापन

१९. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको निष्काशन तथा व्यवस्थापन:

(१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको एकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

(३) स्वास्थ्य संस्थाले आफूले उत्पादन तथा निष्काशन गरेको स्वास्थ्य संस्थाजन्य फोहरमैलालाई स्रोतमै पृथकीकरण गरी प्रशोधन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलाको निर्मलीकरण, प्रशोधन र व्यवस्थापन गर्दा अपनाइने विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा माण्डवी गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ। माण्डवी गाउँपालिकाले यसरी स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको विधि, प्रविधि र व्यवस्थापन स्थल माण्डवी गाउँपालिकाले तोकेको मापदण्ड अनुकुल भए नभएको एकिन गरी स्वीकृति दिनु पर्नेछ ।

(५) उपनियम (४)बमोजिम स्वीकृति प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाजन्य फोहरमैलाको प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन सम्बन्धी कार्य आफैले गर्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन सम्बन्धी कार्य आफैले गर्न नसक्ने भएमा स्वास्थ्य संस्थाले प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन गर्नको लागि माण्डवी गाउँपालिकालाई अनुरोध गर्न सक्नेछ। यसरी अनुरोध गरेमा सोको प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन माण्डवी गाउँपालिकाले आफैले वा आफ्नो समन्वयमा गर्न सक्नेछ ।

(७) स्वास्थ्य संस्थाबाट उत्पादन तथा निष्काशन हुने सामान्य प्रकृतिका फोहरमैला तथा स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलालाई प्रशोधन तथा निर्मलीकरण गरेपश्चात् उक्त फोहरमैलालाई माण्डवी गाउँपालिकाले सम्बन्धित स्वास्थ्य संस्थासगँ सेवा शुल्क लिई विसर्जन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(८) स्वास्थ्य संस्थाजन्य सङ्क्रमित फोहर पूर्णरुपमा निर्मलीकरण भए नभएको सम्बन्धमा मान्यता प्राप्त प्रयोगशालाबाट जाँच गराई प्रमाणित गराउनु पर्नेछ ।

(९) स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैला उत्पादन गर्ने स्वास्थ्य संस्थाले त्यस्तो फोहरमैला व्यवस्थापन सम्बन्धमा प्रचलित वातावरणीय कानून र मापदण्डको पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

(१०) उपनियम (४) बमोजिम स्वीकृति लिई स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापन गर्ने स्वास्थ्य संस्थाले स्वीकृत विधि, प्रविधि र स्थलको प्रयोग गरी व्यवस्थापन गरे नगरेको अनुगमन माण्डवी गाउँपालिकाले गर्नेछ ।

२०. <u>रासायनिक विषादी सम्बन्धी व्यवस्था:</u>

(१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

(३) माण्डवी गाउँपालिकाले स्वीकृति दिँदा स्वीकृतिको लागि पेश गरिएको विधि र प्रविधि माण्डवी गाउँपालिकाले उपनियम (२) बमोजिमको तोकेको मापदण्ड अनुकूल भए नभएको एकिन गरी स्वीकृति दिनु पर्नेछ ।

(४) माण्डवी गाउँपालिकाले उपनियम (३) बमोजिम स्वीकृति लिने व्यक्ति, संस्था वा निकायले हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला व्यवस्थापन गर्न लिएको स्वीकृति बमोजिमको तरिका, मापदण्ड, विधि, प्रविधि र व्यवस्थापन स्थल अनुसार व्यवस्थापन गरे नगरेको अनुगमन गर्नेछ ।

(५) प्रशोधन पश्चात्को हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला माण्डवी गाउँपालिका मार्फत व्यवस्थापन गर्नुपर्ने भएमा फोहरमैला व्यवस्थापनको दायित्व भएको व्यक्ति, संस्था वा निकायले माण्डवी गाउँपालिकालाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भै आएमा माण्डवी गाउँपालिकाले सेवा शुल्क लिई उक्त फोहरमैला व्यवस्थापन गर्न सक्नेछ ।

(६) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैलाको संकलन, भण्डारण तथा स्थानान्तरण गर्दा सुरक्षित विधि अवलम्बन गर्नु पर्नेछ ।

(७) हानिकारक, रासायनकि, जैविक वा अजैविक फोहरमैला प्रशोधन गर्दा त्यस्तो फोहरमा रहेका हानिकारक तत्व नष्ट हुने गरी गर्नु पर्नेछ र सामान्य फोहरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशन तथा विसर्जनको व्यवस्था गर्नु पर्नेछ ।

(८) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड र प्रचलित वातावरणीय कानूनको पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

२१. <u>प्लाष्टिक झोला तथा प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग र त्यसको नियमन सम्बन्धी व्यवस्था:</u>

(क) सार्वजनिक स्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको प्लाष्टिकको झोला, थैलो आदि विक्री वितरण तथा प्रयोगमा रोक लगाइनेछ ।

(ख) खाद्य पदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका वस्तुहरु साथै कम्पनीबाट प्याकिङ भई आएका प्लाष्टिक आदि जथाभावी फ्याँक्न, थुपार्न पाइने छैन ।

(ख) माछा, मासु, विस्कुट, पाउरोटी, चाउमीन आदि बस्तुहरु कम गुणस्तरको प्लाष्टिकको झोला, थैला आदिमा पोकोपारी वा वण्डल वाँधी वा प्याक गरी विक्री वितरण वा प्रयोग गर्न पाइने छैन ।

(ग) कुनै चिज वस्तु प्याकिङ भई आएका प्लाष्टिक, सूर्तिजन्य चुरोट, खैनी, गुट्खाका प्लाष्टिक विभिन्न खाद्य/अखाद्य वस्तु जस्तोः माछा-मासु आदि किन्दा प्रयोग भएका प्लाष्टिक गुणस्तरीय भएपनि प्रयोग कर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई अनिवार्य रुपले उचित व्यवस्थापन गर्नु पर्दछ ।

(घ) पुनः प्रयोग गर्न नसकिने प्रकृतिका प्लाष्टिकलाई माण्डवी गाउँपालिकाले पूर्ण रुपमा प्रतिवन्ध लगाउन सक्नेछ ।

(ङ) प्लाष्टिकजन्य बस्तुहरु माण्डवी गाउँपालिकाले तोकि दिएको स्थानबाट मात्र पुनः चक्रणका लागि संकलन गरिनेछ । यसरी संकलन गर्दा माण्डवी गाउँपालिकाले तोकिदिएको शुल्क तिर्नु पर्ने व्यवस्था लागु गर्न सकिनेछ ।

(च) कुनै पनि प्रकारका प्लाष्टिकजन्य बस्तुहरु अन्य फोहरमैलासँग मिसाई राख्न पाइने छैन । यसलाई छुट्टै पोका, भाँडा वा तोकिएको डष्टविनमा राखी माण्डवी गाउँपालिकाबाट खटिने फोहरमैला संकलकलाई अन्य फोहरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्ने छ ।

(छ) प्लाष्टिकका गिलास, चम्चा, प्लेट पूर्ण रुपले प्रतिबन्ध लगाइने छ ।

## परिच्छेद – ७

## कुकुर, पशुपंक्षी तथा प्रदुषणको नियन्त्रण सम्बन्धी व्यवस्था

२२. बहुला कुकुर नियन्त्रण:

(क) गाउँवासीले पालेका कुकुरलाई माण्डवी गाउँपालिकाले तोकिदिए बमोजिमको पेटीले अनिवार्य रुपले बाँध्नु पर्दछ ।

(ख) माण्डवी गाउँपालिकाले पेटी नवा‘‘धिएका कुकुरलाई अन्य सामुदायिक कुकुर सरह वन्ध्याकरण गर्न तथा अन्य नियन्त्रणका उपायहरु गर्न सक्नेछ ।

(ग) घर पालुवा कुकुरलाई दिइने रेविज विरुद्धका खोप तथा अन्य खोपहरु तथा ती कुकुरबाट सिर्जित फोहरको व्यवस्थापन घरधनी स्वयम्ले गर्नु पर्दछ । त्यस्ता फोहोर माण्डवी गाउँपालिकाले तोकेको ठाउँमा वा आफैं व्यवस्थापन गर्नु पर्छ । सार्वजनिक ठाउँ, खुल्ला ठाँउवा सडकमा जथाभावी रुपले फाल्न पाइने छैन ।

२३. पशुपंक्षी नियन्त्रण:

(क) विभिन्न किसिमका महामारी फैलन सक्ने, वाली विरुवा नोक्सान पार्ने, सार्वजनिक यातायात र पैदल यात्रीलाई कठिनाइ पुऱ्याउने, गाउँ क्षेत्रको स्वच्छता र सौन्दर्यतामा खलल पुऱ्याउने तरिकाबाट छोडिएका सुँगुर, वङ्गुर, घोडा, खच्चर, गधा, गाई, भैंसी, बाखा, कुखुरा आदि जस्ता घरपालुवा चौपाया र पंक्षीहरुलाई छाडा छोड्न पाइने छैन ।

(ख) गाउँको सौन्दर्य र जनस्वास्थ्यलाई ध्यानमा राखी नगर क्षेत्र भित्र कुनै खास स्थान र क्षेत्रमा विशेष पशुपंक्षी पाल्न माण्डवी गाउँपालिकाले रोक लगाउन सक्नेछ ।

(ग) माण्डवी गाउँपालिकाले आफ्नो क्षेत्र भित्र छाडा छोडिएका पंक्षी तथा चौपायालाई पक्राउ गरी राख्ने व्यवस्था गर्नेछ ।

(घ) पक्राउ गरी राखिएका चौपायाधनीले २४ घण्टा भित्र तोकेको जरिवाना तिरी आफ्नो वस्तुभाउ लैजान सक्नेछ । तर उक्त अवधि पश्चात् सार्वजनिक सूचना गरी डाँक बढावढमा त्यस्ता चौपाया लिलाम विक्री गर्ने र लिलाममा विक्री हुन नसकेमा निःशुल्क लग्न चाहने व्यक्ति वा संस्थालाई बाहिरी जिल्लामा समेत निकासी गर्न दिइनेछ ।

(ङ) टोल विकास संस्था, संघ-संस्था वा व्यक्तिले माण्डवी गाउँपालिकाको स्वीकृतिमा काञ्जी हाउस सञ्चालन गर्न सक्नेछन् ।

(च) काञ्जी हाउसको महसुल दर माण्डवी गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(छ) लिलाम विक्रीबाट प्राप्त रकम कसैको क्षतिपूर्ति दिनु पर्ने भए दिई बाँकी संपूर्ण रकम (टोल विकास संस्थालाई तोकेको रु. ५०० सम्मको वाहेक) कोषमा आम्दानी वाधिनेछ ।

(ज) लिलाम विक्री गर्दा माण्डवी गाउँपालिका र सुरक्षा निकायलाई जानकारी दिनु पर्नेछ ।

(झ) लिलाम विक्रीका संपूर्ण प्रकृया पूरा गर्दा पनि कुनै चौपाया लिलाम विक्री हुन नसकेमा माण्डवी गाउँपालिकाले प्रचलित कानूनले निषेध गरेका वाहेकलाई जुनसुकै प्रकृया अवलम्वन गरी व्यवस्थापन गर्न सक्नेछ ।

(ञ) नगर क्षेत्र भित्र छाडा छोडिएका पशुपंक्षी समातेर ल्याउने कर्मचारी, व्यक्ति, संघ-संस्थालाई माण्डवी गाउँपालिकाले प्रोत्साहन वा पुरस्कार प्रदान गर्न सक्नेछ ।

(ट) बस्ती नभएको खुला ठाउँमा माण्डवी गाउँपालिकाले दिएको सिफारिस अनुरुप मात्र हाँस, कुखुरा, वंगुर, सुंगुर पालन गर्न सकिनेछ ।

(ठ) वातावरण प्रदुषित भयो भनी टोल विकास संस्था वा स्थानीयले सिफारिस वा निवेदन दिएमा माण्डवी गाउँपालिकाले तत्काल उचित कारवाही गर्नेछ। पटक-पटक सचेत गराउँदा अटेर गरेमा सो कार्य बन्देज गर्न र त्यस्ता पशुपंक्षी नियन्त्रण गर्न सक्नेछ।

२४. प्रदूषण नियन्त्रण:

(१) आफ्नो क्षेत्रभित्र सङ्कलित फोहरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषणरहित ढ•ले व्यवस्थापन गर्ने दायित्व माण्डवी गाउँपालिकाको हुने छ।

(२) माण्डवी गाउँपालिकालाई प्रदूषणरहित ढ•ले फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनका लागि केन्द्रको सहयोग माग्न सकिनेछ।

(३) माण्डवी गाउँपालिकाले सङ्कलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस कार्यविधि बमोजिम निर्धारित मापदण्डको पालना गर्नु पर्नेछ।

## परिच्छेद – ८

## शवदाह स्थल एवं मृत चौपायाको व्यवस्थापन

२५. लास जलाउने, गाड्ने र मरेका चौपाया गाड्ने:

(क) माण्डवी गाउँपालिकाले गाउँ र गाउँवासीको हित, समुन्नति, वातावरणीय पक्ष तथा सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी शवदाह वा शव गाड्ने स्थल तोक्न सक्नेछ।

(ख) माण्डवी गाउँपालिकाले तोकेको वाहेक अन्य क्षेत्रमा शवहरु गाड्न र दाहसंस्कार गर्न पाइने छैन।

(ग) सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी लास जलाउँदा पूरै जलाउनु पर्नेछ तथा गाड्ने संस्कार भएकाले पनि कुनै जनावरले खोतल्न नसक्ने र गन्ध बाहिर नआउने गरी गाड्नु पर्दछ।

(घ) माण्डवी गाउँपालिकालेसार्वजनिक स्वास्थ्यलाई ध्यान दिई मरेका पशुपंक्षी गाड्न निश्चित स्थल तोक्न सक्नेछ, अन्यत्र गाड्न पाइने छैन।

(ङ) माण्डवी गाउँपालिकाले तोकेको स्थानमा शवहरु दाहसंस्कार गर्दा, पशुपंक्षी गाड्दा,आवश्यक सेवा शुल्क निर्धारण गर्न सक्नेछ। त्यस्तो सेवा प्रापकले तोकिएको सेवा शुल्क तिर्नु पर्नेछ।

## परिच्छेद – ९

## प्रचार सामाग्री र स्थानान्तरण केन्द्र सम्बन्धी व्यवस्था एवं फोहरमैला व्यवस्थापन गर्न अनुमति र फोहरमैला व्यवस्थापन गराउन सकिने

२६. प्रचार सामाग्री सम्बन्धी व्यवस्था:

(क) कसैले पनि माण्डवी गाउँपालिकाको स्वीकृति वेगर नगर क्षेत्र भित्रको सार्वजनिक वा पर्ती जमिन वा खम्वा, विजुलीको पोल, पर्खाल, टेलिफोनको पोल, भित्ता, फुटपाथ वा अन्य कुनै सार्वजनिक भवनको भित्ता वा छतमाथि आफ्नो उद्योग व्यवशाय, व्यपारको विज्ञापन वा प्रचार-प्रसार हुने गरी तुल, साइनवोर्ड, होर्डिङ वोर्ड वा अन्य कुनै प्रचार सामाग्री खडा गर्न वा जडान गर्न हुँदैन।

(ख) सामाजिक सद्भाव अभिवृद्धि गर्न वा सार्वजनिक स्वास्थ्य वा उपयोगिताको दृष्टिबाट कुनै तुल, साइनवोर्ड वा अन्य कुनै प्रचार सामग्री हटाउन उपयुक्त छ भन्ने लागेमासम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ र सो आदेशको पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुने छ।

(ग) यसै नियमको उपनियम “क” र “ख” बमोजिमको आदेश नमानेमा माण्डवी गाउँपालिकाले त्यस्ता प्रचार सामग्री हटाई तोकिएको जरिवाना लगाउन सक्नेछ ।

(घ) यसै नियमको खण्ड “क” बमोजिमका स्थानमा आफ्नो उद्योग, व्यवशाय वा व्यपारको विज्ञापन वा प्रचार-प्रसार हुने गरी साइन वोर्ड, तुल, होर्डिङ वोर्ड जस्ता प्रचार सामग्री खडा गर्न वा जडान गर्न तोकिएको शुल्क बुझाएमा म्याद तोकी माण्डवी गाउँपालिकाले इजाजत दिन सक्नेछ। यस्तो शुल्क नगरको वार्षिक नीति, कार्यक्रम बजेटमा पारित भए बमोजिम हुने छ तर नगरको सुन्दरता र सुरक्षामा आँच आउने गरी त्यस्तो इजाजत दिइने छैन ।

(ङ) सार्वजनिक स्वास्थ्यमा हानी पुऱ्याउने खालका धुम्रपान, मध्यपान, सूर्ति-जन्य वस्तुको विज्ञापन वा प्रचार-प्रसारमा तुल, पर्चा, होर्डिङ बोर्ड, साइनबोर्ड वा अन्य यस्तै प्रचार सामग्री खडा गर्न वा जडान गर्नमा माण्डवी गाउँपालिकाले प्रतिबन्ध लगाउने छ ।

(च) सार्वजनिक स्थल, बाटो, पाटी-पौवा, धार्मिक स्थल, अतिक्रमण हुनेगरी कुनै किसिमका प्रचार सामग्री राख्न पाइने छैन ।

२७. स्थानान्तरण केन्द्र तोक्ने:

(१) स्थानीय तहले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नु पर्नेछ र यसरी तोकिएको स्थललाई दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था समेत गर्नु पर्नेछ ।

२८. अनुमति सम्बन्धी व्यवस्था:

(१) यस कार्यविधि बमोजिम माण्डवी गाउँपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन ।

२९. फोहरमैला व्यवस्थापनको काम गराउन सकिने:

(१) माण्डवी गाउँपालिकाले आवश्यकता अनुसार फोहरमैला व्यवस्थापन ऐन, २०६८ दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वासामुदायिक क्षेत्रबाट वा सार्वजनिक-निजी साझेदारी नीति (PPP) बमोजिम सोही ऐनको दफा १५ बमोजिम प्रतिस्पर्धा गराई कुनै प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

**परिच्छेद – १०**

## सेवा शुल्क एवंकारबाहीसम्बन्धी व्यवस्था

३०. सेवा शुल्क निर्धारण:

(१) माण्डवी गाउँपालिकाले फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा शुल्क निर्धारण गर्दा देहायको आधारमा गर्नु पर्नेछ :-

(क) फोहरमैला उत्पादकले उत्पादन स्रोतमा नै फोहरमैला व्यवस्थापन गर्न अवलम्बन गरेका प्रविधि, विधि र प्रक्रिया,

(ख) फोहरमैला उत्पादकले निष्काशन गर्ने फोहरको आकार, प्रकार र किसिम,

(ग) निष्काशित फोहरबाट वातावरणमा पर्ने प्रभाव,

(घ) फोहरमैला व्यवस्थापनमा लाग्ने अनुमानित खर्च,

(२) आवाशीय घरको हकमा कोठा बहालमा बस्ने प्रति चुलो परिवार।

३१. <u>सेवा शुल्क उठाउने:</u>

(१) गाउँपालिका वा सम्वन्धित वडाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउने छ ।

(२) गाउँपालिकाले नगर क्षेत्र भित्रका सबै ठेला तथा फुटपाथ व्यवसायीद्वारा दैनिक उत्पादन गरेको फोहर उठाए बापत व्यवसायीबाट सेवा शुल्क लगाई उठाउने छ ।

(३) उपनियम (१) र (२) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा माण्डवी गाउँपालिकाले गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको निर्धारित शुल्क सम्बन्धित माण्डवी गाउँपालिका आफैंले वा तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १५ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा गाउँपालिकाले गाउँपालिकासंग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापनगरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउनसक्नेछ । तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिनसक्ने छ ।

(६) यस नियम बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहर मैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी गाउँपालिकाले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहर मैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्नेछ ।

(७) औचित्य पुष्टि हुने गरी फोहरमैला उठाउने सेवा दिए वापत कुनै व्यक्ति, संस्था वा निकायलाई सेवा शुल्क लगाउन वा करको दायरामा ल्याउन छुट भएको रहेछ भने सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिले गाउँ कार्यपालिकामा सोको निर्णयको लागि शिफारिस गर्न सक्नेछ भने गाउँ कार्यपालिकाले उक्त सेवा शुल्क लगाउन र सोको दर उचित ठहऱ्याएमा त्यसलाई अनुमोदन गरी शुल्क उठाउन अनुमति दिन सक्नेछ । तर यस्तो निर्णयलाई गाउँ सभाको आउने अधिवेशनमा पेश गरी यस प्रकारको निर्णयलाई अनिवार्य रुपमा अनुमोदन वा समर्थन गराउनुपर्ने छ ।

३२. <u>सेवा शुल्क छुट दिन सकिने:</u>

(१) गाउँपालिकाले निर्धारण गरेको सेवा शुल्क तिर्न बुझाउन नसक्ने विपन्न वर्गको हकमा फोहर उत्पादकको आर्थिक अवस्थालाई विचार गरी टोल विकास संस्थाको उचित निर्णयबाट छुट दिन सक्नेछ ।

(२) गाउँपालिकाले प्रत्येक वर्ष विपन्न वर्गको पहिचान गरी सो वर्गको सूची सार्वजनिक गर्नु पर्नेछ ।

(३) फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा स्रोतमा नै न्यूनिकरण गर्ने कार्यमा संलग्न घरधुरीलाई सम्बन्धित माण्डवी गाउँपालिकाले निर्धारण गरेको सेवा शुल्क छुट दिन सक्नेछ ।

*स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि “विपन्न वर्ग” भन्नाले स्थानीय निकायबाट निर्धारित सेवा शुल्क पूर्ण रुपमा तिर्न नसक्ने भनी माण्डवी गाउँपालिकाको हकमा सम्बन्धित वडा कार्यालय र अन्य क्षेत्रको हकमा सम्बन्धित वडा समितिले सिफारिश गरेको व्यक्ति सम्झनु पर्छ ।*

३३. <u>ग्राहक कार्ड लागू गर्ने:</u>

(क) गाउँपालिकाले नियम ३१ बमोजिमको प्रयोजनार्थ प्रत्येक सेवाग्राही व्यक्ति, परिवार, घरधुरी, संस्था वा निकायका लागि अनिवार्य रुपमा ग्राहक कार्ड लागू गर्नु पर्छ ।

(ख) नगर क्षेत्रका व्यवसायीहरुले व्यवसाय नविकरण गर्न आउँदा नविकरण गराउनु पूर्व एवं नयाँ पसल व्यवसाय दर्ता गर्दाकै समयमा माण्डवी गाउँपालिका वा फोहर उठाउने जिम्मेवारी पाएको व्यक्ति, फर्म वा संस्थाबाट ग्राहक कार्ड अनिवार्य रुपमा लिएको हुनु पर्नेछ ।

(ग) यस्तो ग्राहक कार्ड लिएको नलिएको वातावरण तथा फोहरमैला व्यवस्थापन शाखाबाट जा“चबुझ गरी त्यस्तो ग्राहक कार्ड लिएको प्रमाणित गरिदिए पश्चात् मात्र व्यवसाय नविकरण गरिनेछ ।

३४. सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः

(१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भइरहेको ऋण कारोवार रोक्का गर्नको लागि गाउँपालिकावा सम्वन्धित वडाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको नियम ३१ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ तर यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिकावा सम्वन्धित वडालाई दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैंले गर्नु पर्नेछ ।

(४) आफ्नो टोलमा सरसफाई अभियान नगराउने कुनै टोल विकास संस्था, टोलमा जतातत्तै फोहर गर्ने, व्यक्तिको घर आंगन र संगठित संस्थाको परिसरमा फोहर देखिएको तर सम्बन्धित टोल विकास संस्थाले कुनै चासो, अभियान, सचेत, नियमन नगराएको खण्डमा गाउँपालिकाले सम्बन्धित टोल विकास संस्थालाई सुधार गर्न पत्राचार गर्ने तर तोकिएको अवधिसम्म पनि कुनै सुधार भएको नपाइएमा उक्त संस्थालाई प्रदान गर्ने सेवा सुविधा रोक्का गरी कालो सूचीमा राख्न सक्ने छ ।

(५) टोल विकास संस्थाले आफ्नो टोलमा आयोजना गरेको सरसफाई अभियानमा नजाने, संस्थाको नियम तथा आचरण बिपरित कार्यहरु गर्ने, गाउँपालिकाबाट टोलमा आउने गाडीमा फोहर नराख्ने, शुल्क नबुझाउने, अटेरी गर्ने, असहयोग गर्ने एवं टोल विकास संस्थाको अहित हुने खालका कार्यहरु गरेमा उक्त ब्यक्तिलाई संस्थाले पत्राचार गरी स्पष्टिकरण सोध्ने तर चित्त बुझ्दो जवाफ नदिएमा कालो सूचीमा राखी निजको सबै सेवा सुविधा बन्द गर्ने निर्णय गरी सोको जानकारी गाउँपालिका वा वडामा दिनुपर्ने छ ।

(६) उप नियम (१) र (२) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(७) सेवाग्राहीले निमय ३१ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

३५. अटेरी व्यक्ति वा संस्थालाई कालो सूचिमा नाम दर्ताः

(१) माण्डवी गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र जथाभावी फोहोरमैला गर्ने वा यस कार्यविधिको उल्लघन गर्ने व्यक्ति, संघ-संस्था, फर्म, कम्पनी, पसल आदिलाई सो नगर्नका लागि सूचना जारी गर्न सक्नेछ । सूचना प्राप्त गरिसकेपछि पनि सम्पर्क नगर्ने वा निर्देशन वा सूचनाको उल्लंघन गर्ने व्यक्ति, संघ-संस्था वा निकायको नाम माण्डवी गाउँपालिकाले अटेरी व्यक्ति अंकित गरी कालो सूचिमा दर्ता गर्नेछ । अटेरी व्यक्ति, संघ-संस्था वा ज्ञघ निकायले तोकिएको कार्य नगरेसम्मका लागि वडा समिति तथा माण्डवी

गाउँपालिकाबाट कुनै किसिमको सिफारिस वा सुविधा प्रदान गरिने छैन । साथै, मानव स्वास्थ्य र गम्भिर हानी देखिने कार्य पटक-पटक गर्ने त्यस्ता व्यक्ति, संघ-संस्था वा निकायलाई सम्बन्धित निकायमा कारवाहीको सिफारिस समेत अगाडि बढाउन सक्नेछ ।

## परिच्छेद – ११

## फोहरमैला व्यवस्थापनको अनुगमन

३६. फोहरमैला व्यवस्थापनको अनुगमनः

(१) माण्डवी गाउँपालिकाले फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ र सोको प्रतिवेदन अनुसूचि ३ बमोजिमको फाराम/प्रतिवेदन ढांचामा पेश गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि माण्डवी गाउँपालिकाले आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन सम्बन्धित गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा माण्डवी गाउँपालिकाले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(५) अनुगमन गर्न खटिएका जनप्रतिनिधि वा कर्मचारी वा टोलीले अनुगमनका बखत जथाभावी वा अनाधिकृत रुपले फोहरमैला फाल्न लागेको वा फोहरमैला व्यवस्थापनमा प्रतिकुल हुने गरी कुनै कार्य गरिरहेको अवस्थामा रंगेहात भेटाएमा एवं पहिले उक्त व्यक्तिको पहिचान हुने कागजात वा प्रमाणहरु खोजी अनुसूचि ४ बमोजिमको ढांचामा स्थलगत मुचुल्का तयार गर्नुपर्ने छ ।

(६) उपनियम (५) अनुसारको स्थलगत मुचुल्का तयार भइसकेपछि सोको आधारमा निजलाई सोही स्थलमा भेटेको खण्डमा त्यहीबाटै र उक्त स्थलमा नभेटिएको खण्डमा कार्यालयको तर्फबाट निजलाई भेटी अनुसूचि ५ बमोजिमको ढांचामा तारेख भरपाई गराउनु पर्दछ ।

(७) माण्डवी गाउँपालिकाले फोहरमैला व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यमा प्राविधिक सहयोगको लागि केन्द्रलाई अनुरोध गर्न सक्नेछ ।

३७. बैठक र अनुगमन भत्ताः

(क) यस कार्यविधिको नियमहरु३, ६ र ८ बमोजिमका समितिहरुका सदस्यहरु र सहयोगी कर्मचारीहरुले सरसफाई तथा फोहरमैला व्यवस्थापन, वातावरण संरक्षण र विपद् सम्बन्धी कार्यहरुको फिल्ड अनुगमन तथा निरीक्षण गरेको अवस्थामा तोकिएको अनुगमन भत्ता र खाजा खर्च दिनसक्ने छ ।

(ख) यस कार्यविधिको नियमहरु ३, ६ र ८ बमोजिमका समितिहरुका बैठक सार्वजनिक बिदाको दिनमा वा कार्यालय खुल्ने समय भन्दा बाहिरको समय बसेको अवस्थामा समितिका सदस्यहरु र सहयोगी कर्मचारीहरुले बैठकमा भाग लिए बापत तोकिएको बैठक भत्ता दिनसक्ने छ ।

(ग) उप नियम (क) र (ख) बमोजिम पाउने दररेट प्रति व्यक्ति प्रति दिनको भत्ता वापत रु. १,०००।- र खाजा खर्च वापत रु.२००।- दिन सक्ने छ ।

## परिच्छेद – १२

## फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउने उपायहरु

३८. ज्यालादारीमा फोहरमैला व्यबस्थापन गर्नसक्नेः

(१) यस कार्यविधि बमोजिम गाउँपालिकाआफैले फोहरमैला ब्यबस्थापन कार्य गर्दा कार्यालयको करार सेवामा कार्यरत र स्थायी कर्मचारीहरु (भारी सवारी चालक, हेल्पर, कुचिकार आदि) नपुग भई फोहरमैला जस्तो संवेदनशिल ब्यबस्थापनको कार्य सुचारु गर्न बाधा उत्पन्न भएको अबस्थामा अत्यावश्यक जनशक्ति ज्यालादारीको रुपमा काममा लगाउन सक्नेछ। साथै, ज्यालादारीमा कार्यरत जनशक्तिको दैनिक हाजिरी डोर हाजिर फाराममा लगाइनु पर्ने छ भने हाजिर भएको दिनको मात्र जिल्ला दररेट बमोजिमको ज्याला उपलब्ध गराउनुपर्ने छ।

३९. सार्वजनिक बिदाको दिनमा काम गर्ने:

(१) गाउँपालिकाले फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सार्वजनिक बिदाको दिनमा समेत फोहरमैला ब्यबस्थापनको कार्य गर्नुपर्ने छ। सार्वजनिक बिदाको दिनमा काम गरेको हाजिरी तथा सोको अभिलेख दुरुस्तसंग राख्न अनुसुचि (२) बमोजिमको ढाँचामा हाजिर गर्नुपर्ने छ र सो बापतको तलबको एक दिन बराबरको भत्ता पाउनेछ।

४०. पुरस्कार दिन सकिने:

(१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकावा सम्वन्धित वडाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई गाउँपालिकावा सम्वन्धित वडाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ।

(३) फोहोरमैला व्यवस्थापन र सरसफाईका उत्कृष्ठता हासिल गर्ने वडा समिति वा टोल विकास संस्था वा सामाजिक संघ-संस्थालाई माण्डवी गाउँपालिकाले पुरस्कृत वा प्रोत्साहित गर्न सक्नेछ।

## परिच्छेद – १३

## कोषको स्थापना र सञ्चालन

४१. वातावरण संरक्षण, फोहरमैला ब्यबस्थापन तथा पूर्ण सरसफाई कार्यक्रम कोषको स्थापना:

(क) माण्डवी गाउँपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी काम गाउँपालिकामा रहेको वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा पूर्ण सरसफाई कोषबाट कार्य सञ्चालन गरिनेछ।

(ख) फोहरमैला व्यवस्थापनको कार्यका लागि भनी हरेक नगर सभाबाट आवश्यक रकम वातावरणीय व्यवस्थापन विशेष कोषमा विनियोजन गरिनेछ।

(ग) कोषमा माण्डवी गाउँपालिकाले फोहरमैला व्यवस्थापन कार्यका लागि गाउँ सभाबाट विनियोजन गरेको रकम, सरसफाई शुल्क वापत नगरवासीबाट प्राप्त रकम, नेपाल सरकारबाट प्राप्त हुने रकम, साझेदार संस्थाहरुबाट सो कार्यका लागि राखिने रकम तथा अन्य रुपमा कोषमा प्राप्त हुन रकम रहनेछ।

(घ) गाउँपालिका क्षेत्रको वातावरण संरक्षण, उत्पादन हुने फोहरमैलाको व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यक्रम सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमका लागि उक्त रकम खर्च गरिनेछ।

(ङ) कोषको रकम छुट्टै खाता खोली जम्मा गरिनेछ।

(च) कोषको खाता सञ्चालन माण्डवी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(छ) कोषको लेखापरीक्षण माण्डवी गाउँपालिकाले लेखा परीक्षण गर्ने व्यवस्था अनुसार हुनेछ।

४२. अन्य क्षेत्रमा खर्च गर्न नमिल्नेः

(१) कोषमा विनियोजन भएको रकम सोही प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।

## परिच्छेद – १४

## फोहरमैला सम्बन्धी कसुरहरु

४३. कसूरः

कसैले देहायको कुनै काम गरेमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछः-

(क) गाउपालिका वा सम्वन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडेफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने,

(घ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ र यस कार्यविधि बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लंघन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाँउकुनैपनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न गाउँपालिका वा सम्वन्धित वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउ‘‘मा कुनैपनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्नेगरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनैपनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोतमै फोहरमैलाको पृथकीकरण नगरी ऐनको दफा ६ को बिपरित फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने ।

(न) चुरोट तथा सुर्तिजन्य (पान, पुकार, गुटका आदि) जस्ता बस्तुका फोहर जथाभावी फाल्ने ।

(प) घर कम्पाउण्ड भित्र, सडक, निजी वा सार्वजनिक क्षेत्रमा प्लाष्टिक, प्लाष्टिकका सामाग्री वा प्लाष्टिकजन्य वा अन्य कुनैपनि फोहरलाई जलाउने,

(फ) सडक, बाटो, सार्वजनिक स्थलहरुमा गाई, गोरु, भैंसी, घोडा, भेडा बाखा, सुंगुर, लगायतका पशुहरु बांधी, खुला छोडी फोहर गर्ने,आवागमनमा बाधा गर्ने, कुखुरा, हांस लगायतका पंक्षीहरु खुला छोड्ने, नगरपालिकाबाट अनुमति नलिई पशुपंक्षी पालन गर्ने ।

(ब) सार्वजनिक तथा खुल्ला ठाउँमा दिसा गर्ने ।

(भ) यस कार्यविधिमा कसुर भनी उल्लेख गर्न छुटेका तर कसुर ठहरिने प्रकृतिका अन्य कुनै कार्यहरु गर्ने ।

परिच्छेद – १५

## दण्ड सजायको व्यवस्था

४४. सजाय:

(१) नियम ४३ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई माण्डवी गाउँपालिले पहिलो पटक भए ३,०००।-रुपैयाँ सम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा ३,०००।- रुपैयाँ देखि ७,०००।- रुपैयाँ सम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि १०,०००।- रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाँउदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) नियम ४३ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले ५००।- रुपैयाँ देखि ३,०००।- रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।

(३) नियम ४३ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले १५,०००।- रुपैयाँ देखि ५०,०००।- रुपैयाँ सम्म जरिबाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्नसक्नेछ ।

(४) नियम ४३ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले १५,०००।- रुपैयाँ देखि ५०,०००।- रुपैयाँ सम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउन सक्नेछ ।

(५) नियम ४३ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले ५,०००।- रुपैयाँ देखि १५,०००।- रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनक्षति भइसकेकेको भए त्यस्तो क्षतिबापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) नियम ४३ को खण्ड (छ) र (ज) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले ५,०००।- रुपैयाँ देखि १५,०००।- रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।

(७) नियम ४३ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले ५,०००।-रुपैयाँ देखि ५०,०००।- रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।

(८) नियम ४३ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले १०,०००।-रुपैयाँ देखि १,००,०००।- रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाकोदोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउनसक्नेछ ।

(९) नियम ४३ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका प्रमुखले १०,०००।- रुपैयाँ देखि ५०,०००।- रुपैयाँ सम्म जरिबाना सजाय गर्न सक्नेछ ।

(१०) नियम ४३ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका प्रमुखले ५,०००।- रुपैयाँ देखि १०,०००।- रुपैयाँ सम्मजरिबाना वा फोहरमैला व्यबस्थापन ऐन २०६८ बमोजिम ३ महिनासम्म कैद वा दुवसजाय गर्न सम्वन्धितनिकायमा लेखि पठाउन सक्नेछ ।

(११) नियम ४३ को खण्ड (ध) र (न) बमोजिमको कसूर गर्नेलाई नगरपालिका, सम्वन्धित वडाले प्रत्येक पटक १,००।- रुपैयाँ र जरिबाना गर्न सक्नेछ ।सोही कसूर पुनः गरेमा प्रत्येक पटक १००।- वृद्धि गरी जरिवाना गर्नसक्नेछ ।

(१२) नियम ४३ को खण्ड (थ) बमोजिमको कसुर गर्ने व्यक्ति, संस्था वा निकायलाई पहिलो पटक भए रु. ३,०००।- देखि रु. रु. ५,०००।-, दोस्रो पटक भए रु. ५,००१।- देखि रु. १०,०००।- र तेस्रो पटक वा सो भन्दा बढी पटक भए रु. १०,००१।- देखि रु. १५,०००।- सम्म जरिवाना गर्न सक्नेछ ।

(१३) नियम ४३ को खण्ड (द) बमोजिमको कसुर गर्ने व्यक्तिलाई पहिलो पटक भए रु. १,०००।- देखि रु. रु. ५,०००।, दोस्रो पटक भए रु. ५,००१।- देखि रु. १०,०००।- र तेस्रो पटक वा सो भन्दा बढी पटक भए रु. १०,००१।- देखि रु. १५,०००।- सम्म जरिवाना गर्न सक्नेछ भने क्षति/विगो वरावरको रकम जरिवाना, तेस्रो पटक पनि छाडा छोडेमा नियन्त्रणमा लिई काञ्जी हाउसमा राखी लिलाम विक्रीको प्रकृयामा लगिने, स्वीकृति नलिएको पशुपंक्षी पालन व्यवसायमा रोक लगाउन सक्नेछ ।

(१४) नियम ४३ को खण्ड (ब) र (फ) मा उल्लेख भए बमोजिमको कसुर गर्नेलाई प्रथम पटक भए रु. १,०००।- दण्ड जरिवाना र दोहोरिदा प्रत्येक पल्टको रु. २,०००।- का दरले तथा अटेरी गरेको पाइएमा नाम सार्वजनिक गर्न सक्नेछ ।

(१५) नियम ४३ को खण्ड (ध), (प) र (भ) मा उल्लेख भए बमोजिमको कुनै कसुर गर्नेलाई नगरपालिकाले पहिलो पटक भए रु. १,०००।- देखि रु. रु.५,०००।-, दोस्रो पटक भए रु. ५,००१।- देखि रु.१०,०००।- र तेस्रो पटक वा सो भन्दा बढी पटक भए रु. १०,००१।- देखि रु. १५,०००।- सम्म जरिवाना गर्न सक्नेछ ।

(१६) नियम (४३) बमोजिमको कसुर ठहर भई नियम (४४) बमोजिमको दण्ड सजाय गर्नुपर्ने भएमा कसुरदारलाई कार्यालयमा उपस्थित गराई अनुसूचि ६ बमोजिमको ढांचामा दण्ड सजायको निर्णय र भरपाई गराई टुंग्याउनु पर्दछ ।

परिच्छेद – १६

## विविध

४५. उजुरी दिनसक्नेः

(१) यस कार्यविधि बमोजिम कसुर ठहर भई तोकिएको दण्ड सजाय उपर कुनै व्यक्ति वा संघसंस्था वा निकायको चित्त नबुझेमा कानूनी कारबाही गरेको मितिले ७ दिन भित्र माण्डवी गाउँपालिकाको न्यायिक समितिमा उजुरी दिनसक्नेछ ।

४६. प्रचलित कानून बमोजिम हुनेः

(१) फोहरमैला व्यबस्थापन सम्बन्धी विषयमा यस कार्यविधिमा उल्लेख नभएका कुराहरुमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यबस्थापन नियमावली, २०७० मा व्यबस्था भए बमोजिम हुनेछन् भने अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

४७. कार्यविधिको संशोधन :

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाबाट स्वीकृत गरी संशोधन गर्न सकिनेछ ।

## अनुसूचि-१

## (नियम ११ को उपनियम (ग) र नियम १२ को उपनियम २० संग सम्बन्धित)

गाउँपालिकाले निश्चित क्षेत्रमा सञ्चालन गर्न निषेध गर्न सक्ने कार्य वा व्यवशायहरु :-

१. सुंगुर, बुंगुर, हांस, कुखुरा पालन आदि व्यवशायहरु ।

२. इटाभट्टा, सेलरमिल, काठ मिल, कोइला जम्मा गर्ने व्यवशायहरु ।

३. माछा-मासु पसलहरु ।

४. चर्को आवाज वा ध्वनि तथा बढी मात्रामा धुलो निस्कने व्यवशायहरु ।

५. ग्रील पत्ति काट्ने, सडकको वरपर खुल्ला रुपमा फलामको वेल्डिङ गर्ने कार्य वा व्यवशायहरु ।

६. मुख्य र घना सडक तथा बजारमा मेकानिकल वर्कसप, टायर-मर्मत आदि कार्य वा व्यवशायशहरु ।

७. प्लाष्टिक झोला, सूर्तिजन्य वस्तु, घरेलु तथा अन्य मदिरा जन्य पसल, प्लाष्टिक व्यपार (मापदण्डवाहेक), गुट्खा जन्य पदार्थ विक्री गर्ने व्यवशायहरु ।

८. माण्डवी गाउँपालिकाले निषेध गर्ने निर्णय गरेका अन्य व्यवसायहरु ।

अनुसूचि-२

(नियम ३९ को उपनियम (१) संग सम्बन्धित)

माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

सार्वजनिक विदाको दिनमा गाउँ सरसफाई तथा फोहरमैला ब्यबस्थापन गर्ने/गराउने कार्यमा खटिएका कर्मचारीहरुको हाजिरी:

| सि.नं. | कर्मचारीको नाम थर | पद | २०...... साल ............. महिना | | | |
|---|---|---|---|---|---|---|
| | | | ........ गते | ........ गते | ........ गते | ........ गते |
| | | | शनिवार/....बिदा | शनिवार/....बिदा | शनिवार/....बिदा | शनिवार/....बिदा |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(शाखा प्रमुख)

पेश गर्ने

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमाणित गर्ने

अनुसूची-३

(नियम ३६ को उपनियम१ संग सम्बन्धित)

श्री गाउँपालिका अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृतज्यू,
माण्डवी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, जस्पुर,प्यूठान ।

विषयः-अनुगमन फाराम/प्रतिवेदन ।

यस गाउँपालिका अन्तर्गतका विभिन्न स्थानहरूमा फोहरमैला व्यवस्थापन तथासमग्र सरसफाईको अवस्थाकोअनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

*निम्नः*

| क्र.सं. | अनुगमन गरेको मिति | अनुगमन गरिएको स्थान/ठाउँ | ...... टोल विकास संस्थाको क्षेत्र | फोहरमैलाको अवस्था | ठहर भएको कसुर | कसुर गर्नेको नाम | सजाय भएको/हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

<u>अनुगमनकर्ताहरु:</u>

(१) ..................................................

(२) ..................................................

अनुसूची - ४

(नियम ३६ को उपनियम ५ संग सम्बन्धित)

## स्थलगत मुचुल्का:

प्यूठान जिल्ला, माण्डवी गाउँपालिकाले, वडा नं. ......... टोल..............................................................मा जथाभावी वा अनाधिकृत रुपमा विसर्जन गरी फेला परेकोफोहरमैला/व्यबस्थित फोहरमैला व्यवस्थापनको कार्यमा प्रतिकुल हुनेगरी गरेको क्रियाकलाप वा कसुर र कसुरदार पहिचान हुनेगरीफेला परेकाकागजात तथा प्रमाणहरुको सोही स्थलमाखडा गरेकोस्थलगत मुचुल्का ।

१. निरीक्षण तथा अनुगमन, उजुरी वा सूचनाको छोटकरी विवरणः-
....................................................................................

२.चारकिल्लाको विवरणः........................................................

३. ठाउंको बस्तुस्थिति तथा विवरणः-............................................

४. फेला परेको फोहरमैलाको विवरणः............................................

५. फोहरमा फेला परेका प्रमाण तथा पुष्टि हुने कागजातहरुको विवरणः-

(क) .

(ख) .

(ग) .

६. देखे बमोजिम सही छाप गर्ने साक्षी (नाम, वतन समेत):-

(क) .

(ख) ...

(ग) .

७. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछापः-

(क) .

(ख) .

(ग) .

८. कसुरदार सोही स्थलमा रंगेहात फेला परेको भए:

तपसिल बमोजिम यथार्त तथ्य कुरा करकाप र दबाबमा नपरी भनी,सही छाप गरिदिएं,

निरीक्षण तथा अनुगमन टोलीले मेरो कुनै पनि चल अचल सम्पत्तिमा क्षति पुर्‍याएको छैन र नियम विपरित कुनै व्यवहार र कार्य गरेकोछैन। माथि प्रकरण ४ मा फेला परेको फोहरमैला

मेरोघर/पसल/उद्योग/फर्म/........................ बाट निष्कासन भएको हो र मैले उक्त फोहर अनाधिकृत रुपले फालेको/फाल्न लगाएको हुं । साथै, प्रकरण ५ मा उल्लेख भएको प्रमाण तथा कागजातहरुमेरो र मसंग सम्बन्धित रहेको ठिक सांचो हो ।

(१) निजको थप बयान वा स्पष्टिकरण :........................

(क) नाम, वतन :.

(ख) ठेगाना :.

(ग) सही :- .

मितिः- .........................................

समयः- ........................................

अनुसूची - ५

(नियम ३६ को उपनियम ६ संग सम्बन्धित)

## तारेख भरपाईः

पक्षः..........................................

विपक्ष : जिल्ला ......................... गाउपालिका/न.पा. ......................................... वडा नं. ........ स्थायी घर भई हाल .......................... जिल्ला ............................ गाउपालिका/न.पा वडा नं. ...... बस्ने ....................................का नाती/नातिनी....................................का छोरा/छोरी बर्ष ......... को ................................................ नाम गरेको तपाईले अनुसूची - ४(नियम ३६ को उपनियम ५ संग सम्बन्धित) स्थलगत मुचुल्का उल्लेख भए बमोजिमको कार्य गरेको पाइएकोले तारेखमा कबुल गरेको मिति र समयमा अनिवार्य उपस्थित हुनुहोला, अन्यथा कानून बमोजिम भइजाने व्यहोरा जानकारी गराइन्छ । सम्पर्क मोबाइल नं. ..........................................।

**तारेखः**

मितिः ............... साल ........................ महिना ....... गते .......................... रोज दिनको समय ................ बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।

हस्ताक्षरः ................................
नामः ......................................
मिति : ....................................

मितिः ...............साल ........................ महिना ....... गते .......................... रोज दिनको समय ................ बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।

हस्ताक्षरः ................................
नामः ......................................
मिति : ....................................

मितिः ...............साल ........................ महिना ....... गते .......................... रोज दिनको समय ................बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।

हस्ताक्षरः ..................................
नामः ........................................
ामिति : .......................................

अनुसूची - ६

(नियम ४४ को उपनियम १६ संग सम्बन्धित)

दण्ड सजायकोनिर्णय र भरपाईः

माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

यस गाउँपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिका पदाधिकारी/शाखाका कर्मचारी/जनप्रतिनिधि श्री ........................................................ को अगुवाईमा अनुगमन तथा निरीक्षण गर्दा मिति ............................. गते प्यूठान जिल्ला, माण्डवी गाउँपालिका, वडा नं. .......... टोल ........................................ मा ................................ निवासी ............................ ले जथाभावी वा अनाधिकृत रुपमा विसर्जन गरी फेला परेको फोहरमैला/ब्यबस्थित फोहरमैला व्यवस्थापनको कार्यमा प्रतिकुल हुनेगरी क्रियाकलाप वा कसुर गरेको तथ्य प्रमाण फेला परेको छ ।

---

यस कार्यालयको फोहरमैला व्यवस्थापन कार्यविधि, २०७६ अनुसार मिति .............................. गतेको उक्त स्थलगत मुचुल्कामा उल्लेखितकसुर यस कार्यविधिको नियम ................ बमोजिम भएको ठहर भई नियम ......................... मा ब्यबस्था भए बमोजिम तपाईलाई ................................ ................................ दण्ड सजाय तोकिएको छ ।

*दण्ड सजाय गर्ने अधिकारीको:*

---

(क) नाम, वतन :- ...................................................... (ख) पद :- .....................................................

(ग) शाखा :- ............................................................. (घ) मिति र सही :- .........................................

---

माण्डवी गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०७६ को नियमानुसार ठहर भएको कसुर र तोकिएको दण्ड सजाय स्वीकार गरी, माण्डवी गाउँपालिका,नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान अन्तर्गत सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन शाखामा आफै स्वयम् उपस्थित भई यसै कार्यालय अन्तर्गतको राजश्व शाखा मार्फत् रु. ........................................मिति ................................. गतेका दिन रसिद नं. ...................................... बाट दण्ड जरिवानारकम भुक्तानी गरेको छु, साथै, अब उप्रान्त त्यस्तो कार्य नगर्ने, नदोहोऱ्याउने तर त्यसो गरेको खण्डमा नियमानुसार थप सजाय भोग्नसमेत तयार छु भनीर ाजीखुसीले सहीछाप गरिदिएं ।

(क) नाम, वतन :- ............................................

(ख) ठेगाना :- ............................................................

(ग) सही :- ......................................................

(घ) मिति :- .............................................................

---

♦♦♦